# समाचार सन्देश

वर्ष १५, अङ्क ८ आई.पी.एस्. लेख रचनाको सँगालो, असार २-१८, २०६५ (जुन १६-३०, २००८)


## चीन : भूकम्पले चर्चामा ल्यायो सहरी सुविधा

– एन्टोनेटा बेज्लोभा

बाइलु, सिचुवान (आई.पी.एस्./एन्.पी.आई.) – सन् १९७० को दशक- चीनमा संस्कृतिक क्रान्तिले उचाई छोएको थियो। विनाशकारी भुकम्पले ग्रामिण चीनको दक्षिणी युनान प्रान्तलाई हल्लायो। परिस्थितिप्रति कम्युनिष्ट नेतृत्वको तदारूकता भने निकै परको कुरा थियो। अध्यक्ष माओका उक्तिहरूले भरिएका दशौं हजार 'लाल पुस्तक' र त्यसभन्दा पनि धेरै माओका छाप र प्रभाव बोकेर बेइजिङ छिट्टै आयो। उद्धार प्रयास राजधानी बेइजिङबाट आएका सहानुभूतिका हजारौं पत्रबाट पूरा भए।

बाह्र वर्षभन्दा बढी समय बित्यो, किन बेइजिङबाट तोङघाइमा १५ हजार मृतकका उद्धारका लागि 'आध्यात्मिक सहयोग' आयो भन्ने सत्य सार्वजनिक हुनका लागि। उक्त ठाउँमा विपत्तिमा मारिएका सबै किसान थिए। दुई दशकभन्दा लामो खुलापन र सुधारले प्राकृतिक विपत्तिलाई कसरी सम्बोधन गरिनुपर्छ भन्ने चिनयाँ नेतृत्वको शैलीमा परिवर्तन ल्यायो। तर यसले सहरमा बस्ने सुविधासम्पन्न र गाउँका सँधै आवश्यकतामा बाँच्नेहरूबीचको खाडल भने पुर्न सकेन।

सिचुवान प्रान्तमा गएको पछिल्लो भुकम्प २० वर्षयताकै सबैभन्दा विपत्तिपूर्ण थियो चीनका लागि, जसमा झण्डै ९० हजार मानिस मारिए अथवा हराइरहेका छन्। थप ५० लाख मानिस घरवारविहिन भएका छन्। भुकम्पले प्रगतिपथमा उक्लिरहेको सहर र उपेक्षित ग्रामिण भेगबीचको आर्थिक खाडल छर्लङ पारेको छ। विशेषगरी यो अवस्था चीनको वर्तमान नेतृत्वले यी दुईबीचको खाडल कम गर्ने प्रतिबद्धता जनाइरहेका बेला देखिएको छ। प्रान्तिय राजधानी चेङदुमा देखिएको सबैभन्दा ठूलो क्षति भनेको पुरानो र लामो समयदेखि खाली रहेको पूर्वसोभियत संघको कन्सुलेट भवन थियो। त्यसको ठीक विपरीत चेङदु बाहिरका स-साना सहर र गाउँ पूरैजसो ध्वस्त भए।

'हामीकहाँ यहाँ एउटा भनाई छ- चेङ्दुमा केही पनि विनाश हुन सक्तैन- न घामले न पानीले, न भुकम्पले न आँधीले' सहरको सानो मनोरञ्जन क्षेत्र कुआन सियाङजीका पुस्तक पसले झाङ जियाङहोङले गर्वसाथ भने, 'आखिरमा हामी (प्रान्तिय) राजधानी हौं।'

उनले जस्तै धेरैले व्यक्त गर्ने यस्तो आत्मविश्वास एक हदसम्म यथार्थमा आधारित छ। चेङ्दु सिचुवानको तल्लो समथर भूभागमा पर्छ र यसमुनीको पृथ्वीको सतह ज्यादै कडा छ। जब मे १२ मा भुकम्प गयो, यसको कम्पन सिचुआनको किनारतिर भयो, प्रान्तका गाउँ र वरिपरीका सहरहरू ध्वस्त हुन पुगे। त्यहाँका गाउँ र आसपासका सहरका समथर भूभाग बिस्तारै पहाडमा रूपान्तरण हुँदैछन्।

तर, चेङ्दुका बासिन्दा आफूहरूको कुनै विनाश नहुनुका पछाडि आफूहरू गाउँका बासिन्दाभन्दा बढी राम्रोसँग हुर्किएकाले भन्ने विश्वास गर्छन्। खासमा यो प्रायस: सहरबासीको 'इन्लाइटनमेन्ट' मा पनि आधारित छ। चीनमा कम्युनिष्ट शासनको सुरुका वर्षदेखि राज्यले गाउँमा बस्ने ठूलो संख्याका किसानलाई भन्दा सहरमा बस्नेलाई धेरै दियो।

मोटर चढेर प्रान्तिय राजधानीबाट दुई घण्टामा पुगिने सानो सहर बाइलुका किसानहरूका अनुसार उनीहरू प्रायजसो घर बनाउन मोटार प्रयोग गर्नुको साटो कोइला प्रशोधन गरेर निधिएको ओसिलो 'सिन्डर' उपयोग गर्छन्। उनीहरूको आय चेङ्दुका औषत् व्यक्ति आयको सानो अंशमात्र हुन्छ।

बाइलुको पहाडी डाँडामा बस्ने सुन जीले 'हुवाङलियाङ' अथवा चिनियाँ 'गोल्डथ्रिड' टिपेर, बेचेर मासिन ४ सय आरएमबी (५९) अमेरिकी डलर कमाउँछन्। उक्त चिज घाउ खटिरा र संक्रमणको उपचारमा प्रयोग गरिने चिनियाँ घरेलु औषधीमा प्रयोग गरिन्छ।

'यसको मुल्य प्रतिकिलो ७५ युआन पर्थ्यो तर अहिले मूल्य घटेर ४२ युआनमा झरेको छ। यस व्यवसायबाट कसैले पनि धेरै आर्जन गर्न सक्ने अवस्था छैन' २८ वर्षीय सुन भन्छन्, जसले पनि यहाँ कि खानीमा काम गर्नुपर्छ

### अनुरोध

**'समाचार सन्देश' का सामग्री पुनः प्रकाशन/प्रसारणका लागि तयार पारिएका हुन्।**

**हामी सबै क्षेत्रबाट रचनात्मक सुझाव, सल्लाह र प्रतिक्रियाको अपेक्षा गर्दछौं।**

**– सम्पादक**

कि भने व्यापारिक औंधाषी कारखानामा घोटिनुपर्छ, यहाँ यसभन्दा केही पनि विकल्प छैन। मेरी आमा जीवनभर यहीं बस्नुभयो र यो ठाउँ छोडेर अन्यत्र जान चाहानुहुन्न्। मैले उहाँको रेखदेख गर्नुपर्छ। त्यसैले हामी बर्बाद भइरहेका छौं ।'

पहाडमा लुकेका राम्रा घरहरूको बस्ती बाइलुले धेरै पटक परिवर्तनको अवसर देखेको छ । सन् १९०८ मा एक फ्रान्सेली धर्मप्रचारक यसको सौन्दर्यतामा लठ्ठिए र गाउँको सबैभन्दा माथि डाडाँको थुम्कोमा एउटा धार्मिक प्रवचनका लागि सुन्दर भवन बनाए । स्थानीयहरू त्यसताका उक्त सेतो रङको शास्त्रीय भवन र यसको पुजा घरलाई बाइलुको 'नात्रे दामे' भन्ने गर्थे। नवविवाहीत जोडीहरू चेङदुबाट र अझ टाढाबाट यहाँ रोमाञ्चक तस्बिर खिचाउन आउँथे ।

'मेरा बुबाआमाले मलाई भन्नुहुन्थ्यो, जतिबेला यहाँ फ्रान्सेलीहरू बस्थे गाउँका धेरै मानिस उक्त सेमिनारी (धार्मिक भवन) मा दाउरा काट्ने, खाना पकाउने र जमिन सजाउने गर्थे' सुनका आमाले भनिन्, 'तर हिजोआज समय अर्कै भयो, सेमिनारी पनि भुकम्पले ध्वस्त पार्‍यो। सरकारले गैरकानुनी रूपमा सञ्चालित भएको बताउँदै यहाँका धेरै कोइलाखानी बन्द गरिदिएको छ । त्यसैले धेरै मानिस यो ठाउँ छोड्दैछन् ।'

सिचुवानका सहर र गाउँका मानिसमा विगतका विपत्तीबारे भिन्नभिन्न अनुभव छन्। चेङ्दुका धेरै जनता सन् १९५० को दशकान्तमा 'ग्रेट लिप फरवार्ड' को अभियानका बेला भोकमरी भएको आफ्ना बाबुआमाबाट कहिल्यै नसुनेको बताउँछन्। 'हुनसक्छ, त्यतिबेला खाद्य अवस्था कडा थियो होला तर त्यतिबेला कुनै भोकमरी थिएन। सहरमा त्यस्तो थिएन' कानुन व्यवसायी जिया यो पिङले भनिन् ।

तर चेङ्दुको दक्षिणपश्चिमका स-साना सहरहरू अनरेनदेखि उत्तरपश्चिमका बाइलुसम्मका धेरै ग्रामिण जनताले आफूहरू त्यसबेला त्रासदीपूर्ण भोकमरीबाट बाँचेको कथा सुनाए । 'धेरै मानिस भोकमरीकै कारण मरे' अनरेनका लाओ वुले भने, 'जो बलिया र भाग्यमानी थिए, तिनीहरूमात्र बाँचे ।'

वर्षौंदेखिको द्रुत आर्थिक बृद्धिले दशौं लाख चिनियाँ जनताको सम्पत्तिमा नाटकीय रूपले परिवर्तन आएको छ। तर जनसंख्याको ठूलो हिस्सा अझै गाउँमै छन् र धनी सहरबासीले भन्दा निकै कम प्राप्त गरेका छन्। चीनको एक अर्ब ३० करोड जनसंख्याको करिब दुई तिहाई अझै मुख्य सहरी केन्द्रहरूभन्दा बाहिरै बसोबास गर्छन् ।

सन् २००७ मा ग्रामबासी चिनियाँको औषत आय ४ हजार १ सय ४० युआन अथवा ६ सय अमेरिकी डलर थियो, जुन सहरीय जनताले कमाउनेभन्दा एक तिहाईमात्र हो ।

गत वर्ष चिनियाँ संसदले सहरीया जनताले आफ्नो सम्पत्ती किन्न र राख्न पाउने अधिकारसहितको एक ऐतिहासिक विद्ययक अनुमोदन गर्‍यो। ठीक विपरीत किसानहरू भने आफ्नो जग्गाको प्लट राज्यसँग भाडामा लिएर खेती गरिरहेका छन्। उनीहरूसँग त्यतिबेला अति थोरै विकल्प हुन्छन्, जतिबेला स्थानीय अधिकारीले त्यो जग्गा विकासका लागि पुन: लिन्छन् ।

चिनियाँ सरकारले हालैको विपत्तीमा द्रुत र प्रभावित क्षेत्रमा बासस्थान, खाद्य, पानी र महामारी फैलनबाट रोक्ने देखाएको तदारूकताप्रति सबैतिरबाट प्रशंसा कमायो । तर, केही व्यक्ति उक्त प्रयासलाई भवन निर्माणमा चिनियाँ सहर र गाउँबीच मापदण्डमा देखिएको विभेदप्रति गरिएको 'फेस सेभिङ' मात्र ठान्छन् । भवन निर्माणमा विभेदले ग्रामिण जनतालाई प्राकृतिक विपत्तीप्रति बढी कमजोर तुल्याएको छ ।

'यस्तो सँधैजसो भइरहन्छ। जब कुनै विपत्ती पर्छ, सर्बसाधारण पीडित हुन्छन तर कम्युनिष्ट पार्टीले त्यसको जस लिन्छ' पेङझोउस्थित एक औषधी कारखानामा कार्यरत झेङ सिआओदोङले भने ।

चेङ्दुदेखि करिब ६० किलोमिटर पश्चिममा पर्ने पेङझोउमा धेरै प्रदुषक कारखानाहरू छन्। मुख्य सहरहरूलाई वातावरणीय दृष्टिकोषले अनुकुल रूपमा विकास गर्दै लैजाने केन्द्रिय सरकारको निर्देशन अनुरूपमा चेङ्दुका त्यस्ता कारखाना पेङझोउ सारिएका हुन् । तर, ती कारखानामा अक्सर स्थानीय किसानलाई आफ्नो कर्मचारीका रूपमा 'करार' मा राख्छन् तर उनीहरूको बसोबासका लागि बनाइएका भवन धेरैजसो नराम्रा र मापदण्ड पूरा नगरी निर्माण गरिएका कमजोर हुन्छन् ।

सायद चीनको सहर र गाउँबीचको विभेदको सबैभन्दा उपयुर्क्त नमुना भुकम्पबाट ध्वस्त ७ हजार कक्षाकोठा हुनसक्छ, जहाँ १० हजार बालबालिका र शिक्षक पुरिन पुगे । तिनका अविभावकले भ्रष्ट कर्मचारीले मापदण्ड नपुर्‍याई कमजोर ढंगले भवन निर्माण गरेकाले स्कुल भत्किएको भन्दै आक्रोश पोखेका थिए ।

जब उनीहरूले भग्नावशेषमा उठाउन थाले, स्थानीय जनता विपत्तीपछिको पुन:निर्माणमा सरकारको योजनाले आफूहरूको जीवनलाई कस्तो प्रभाव पार्नेछ भन्नेमा चिन्तित थिए । किनभने उनीहरूलाई सहरका मानिसले प्रकोप आउनुभन्दा अगाडी फरक किसिमले व्यवहार गरेका थिए । सिचुवान प्रान्तका किसानहरू आफूहरू फेरी पनि उपेक्षित बन्नेमा चिन्तित देखिन्छन् ।

बेइजिङले भुकम्प-प्रभावित क्षेत्रको पुन: निर्माणका लागि ७० अर्ब युआन (१० अर्ब डलर) छुट्टाएको छ र प्रधानमन्त्री वेन जियावाओले यसमध्ये आधाभन्दा बढी रकम किसानका घरहरू पुन: निर्माण र मर्मतमा खर्च गरिने बाचा गरेका छन् ।

तर, नयाँ भवन योजनाहरूमा पनि सहर-गाउँबीचको खाडल देखिन्छ । संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक र सांस्कृतिक संगठन (युनेस्को) कार्यालय रहेको पर्यटकीय सहर दुजियाङ्यान, जुन विश्व सम्पदा क्षेत्र र धेरै सांस्कृतिक आकर्षकले भरिपूर्ण छ, त्यहाँका भुकम्पमा घर गुमाउनेहरूलाई १ लाख ४० हजार आएमबी अथवा तीन वर्षभित्र निर्माण पूरा हुने नयाँ भवनका लागि ७० वर्गमिटरको सम्पत्ती अधिकारमध्ये एक सब्सिडीका रूपमा छनोट गर्न दिइएको छ। तर, बाइलुमा किसानहरूलाई यदि उनीहरूले सरकारले डिजाइन गरेका घर स्वीकार गर्ने हो भने प्रति व्यक्ति जम्मा ५ वर्गमिटरमात्र जमिन प्रस्ताव गरिएको छ ।

'हामी त्यहाँ जान चाहँदैनौ किनभने हाम्रो ठाउँमा जम्माजम्भी झण्डै २०० वर्गमिटर जमिन छ' भर्खरकी आमा लु मेइले भनिन्, 'तर, हामीसँग थोरैमात्र विकल्प छ किनभने उक्त जमिन सरकारको स्वामित्वमा छ ।'

# फिलिपिन्स: आत्म-पर्याप्तताका लागि जात्रोफा?

– प्राइम सार्मिन्तो

मनिला (**आई.पी.एस्. ⁄ एन्.पी.आई.**) – मेकोङ क्षेत्रमा खाद्य आत्मपर्याप्तता र उर्जा समस्या सम्बोधन गर्ने जात्रोफा वनस्पत्ती प्रमुख विकल्प हुनसक्छ । यो सुख्खा वनस्पतीको खेतीले जैविक इन्धनमात्र उपलब्ध गराउँदैन, साथसाथै इन्धन उत्पादनका लागि खाद्यान्न उत्पादन गर्ने कृषियोग्य भूमि पनि आवश्यक पर्नेछैन ।

'जात्रोफा खेती गर्नु व्यवसायीक रूपमा उपर्युक्त छ । जात्रोफाको मुख्य फाइदा भनेको तपाई यो वनस्पत्ती उर्वरहिन जमिनमा पनि लगाउन सक्नुहुन्छ' मर्सेदिता ए सोम्बिलाले भनिन् । उनी बृहत्तर मेकङ उपक्षत्र (जीएमएस) मा जैविक इन्धन उद्योगको विकासबारे अध्ययन गरिरहेका छन् । उक्त अध्ययनका लागि एशियाली विकास बैंक (एडिबी) ले आर्थिक सहयोग उपलब्ध गराएको छ । जिएमएस उपक्षेत्रमा थाइल्याण्ड, भियतनाम, कम्बोडिया, लाओस, म्यानमार र चीनको दक्षिणी भुभाग पर्छ ।

दक्षिण अमेरिकामा सर्बप्रथम जात्रोफा खेती गरिएको थियो । यसमा खडेरी र मुसा, साङ्ला, किराफट्याङग्राजस्ता बाली नास गर्ने किराहरूको प्रतिरोध गर्ने क्षमता हुन्छ । यसको ब्याँमा ४० प्रतिशतभन्दा बढी तेल हुन्छ । यसको ब्याँ प्रशोधन गरेर निकालिएको तेल 'स्यट्यान्डर्ड' डिजेल इन्जिनमा प्रयोग गर्न सकिन्छ र यसको प्रशोधनबाट बाँकी रहेका चिजविज बायोमास) विद्युत उत्पादनमा प्रयोग गर्न सकिन्छ ।

हालै एडिबीको एक गोष्ठीमा प्रस्तुत गरेको रिपोर्टमा सोम्बिलाले जात्रोफासहित कासाभा र चिनि बनाउन प्रयोग गरिने सोर्गुम बनस्पत्तीहरूलाई जैविक इन्धनको स्रोतका रूपमा विकास गर्न सबैभन्दा बढी संभाबना भएको तर्क प्रस्तुत गरेकी थिइन् । उनका अनुसार पर्याप्त जमिन र कामदारका साथै उपर्युक्त मौसमजस्ता पक्ष जात्रोफाको व्यापक खेतीका लागि सहयोगीमात्रै हुनेछैनन, बरु यसले जिएमएस क्षेत्रमा अन्य जैविक इन्धनका स्रोत बालीका लागि पनि मद्दत पुऱ्याउनेछ ।

प्रगतिपथमा लम्किरहेका एशियाली मुलुकका लागि एउटा मुख्य चिन्ता र चासो भनेको जैविक इन्धन उद्योगको विकास हो । एशियाका त्यस्ता धेरैजसो मुलुक बढ्दो उर्जामाग पूरा गर्न आयातित तेलमा निर्भर छन् । अन्तर्राष्ट्रिय आणविक उर्जा एजेन्सीले सन् २०३० सम्ममा एशियाको उर्जा खपत अहिलेभन्दा एक सय १२ प्रतिशतले बढेर विश्वको कुल खपतको ३६ प्रतिशत पुग्ने भविष्यबाणी गरेको छ । तर, तेलको मुल्य आकाश छुनेगरी बढिरहेको छ । हाल कच्चा तेलको मुल्यले प्रतिब्यारेल १ सय ३० अमेरिकी डलरको रेकर्ड छोएको छ । सँगसँगै उर्जाको बढ्दो खपतले कार्बन उत्सर्जन बढेर मौसम परिवर्तनको चिन्ता थपेको छ । यस्ता कारणले अधिकाशं एशियाली अर्थतन्त्रलाई जैविक इन्धनको विकल्प खोज्न बाध्य तुल्याएको छ । जैविक इन्धनले कार्बन उत्सर्जन र आयतित इन्धनमा निर्भर गर्नुपर्ने अवस्था न्यूनिकरण गर्न सक्छ ।

जिएमएस उपक्षेत्रमध्ये, थाइल्याण्ड, भियतनाम र म्यानमारले अहिले जैविक इन्धनका रूपमा उष्णक्षेत्रमा हुने पाम बनस्पत्तीको तेल, उखु र माछाको तेल उपयोग गरिरहेका छन् । यद्यपी, थाइल्याडसँगमात्र

जैविक इन्धन विकास गर्ने दुगरामी रणनीति छ । राष्ट्रिय जैविक इन्धन समितिले यसको लागत, अध्ययन र बजार व्यवस्थापनमा लगानी गरेको छ ।

थाई उर्जा मन्त्रालयका महानिरीक्षक अम्न्युई थोङसाथित्याका अनुसार सरकारले आगामी १० वर्षमा हालको जैविक इन्धन उत्पादनमा उल्लेख्य बृद्धि गर्ने लक्ष्य लिएको छ । यसका लागि सन् २०२० सम्ममा कासाभाको उत्पादन प्रतिहेक्टर २३ मेट्रिक टनबाट बढाएर ५० मेट्रिक टन पुर्‍याउने र उखुको उत्पादन प्रतिहेक्टर सन २०२१ सम्ममा प्रति हेक्टर ५६ मेट्रिक टनबाट एक सय ६ मेट्रिक टन पुर्‍याउने लक्ष्य राखिएको छ । थाई सरकारले जैविक इन्धनको स्रोतका रूपमा जात्रोफा र पाम बनस्पत्ती लगाउन किसानहरूलाई प्रोत्साहित गरिरहेको छ ।

तर, समस्या के छ भने हालै खाद्यान्नमा मूल्य बृद्धि हुनुको दोष जैविक इन्धनलाई पनि लाग्दै आएको छ । सब्सिडिका कारण किसानहरू जैविक इन्धन उत्पादनका लागि मकै र उखु खेती गर्न प्रोत्साहित हुन्छन् । जैविक इन्धन प्रवर्द्धन गर्न अमेरिकी सरकारले पनि किसानलाई सब्सिडी उपलब्ध गराएको छ । विश्वव्यापी खाद्य आपूर्तिको यस्ता कारणले खाद्यान्नको मूल्य बढाएको छ ।

'यदि हालको जैविक इन्धनको बिस्तार निरन्तर हुने हो भने विकासोन्मुख मुलुकमा बाँच्नका लागि चाहिने 'क्यालोरी' उत्पादन ढिलो हुनेछ र कुपोषित बालबालिकाको संख्या झन् बढ्ने अनुमान गरिएको छ' वासिंटनस्थित इन्टरन्यास्नल फुड पलिसी रिसर्च इन्सटिच्युटमा वातावरणीय तथा उत्पादन प्रविधि विभागका निर्देशक मार्क डब्ल्यु रोजग्रान भन्छन् ।

खाद्यन्नको खेतीबाट इन्धन खेतीमा आएको व्यापक परिवर्तनले जिएमएस उपक्षत्रमा खाद्य सुरक्षाको चिन्ता बढाएको त छँदैछ, साथसाथै यसले विश्वव्यापी खाद्य आपूर्ति पनि अवरुद्ध गर्न सक्छ, किनभने जिएमएसमा विश्वकै सबैभन्दा धेरै कृषि उत्पादन निर्यात गर्ने मुलुक छन् । थाइल्याड र भियतनाम विश्वमै धेरै चामल, उखु, कासाभा र कफी निर्यात गर्ने देशहरूमा पर्छन् ।

'खाद्य बाली र इन्धनका लागि खेती दुवै गर्न हामीसँग पर्याप्त जमिन छैन, हामी इन्धनका लागि खाद्यान्नको बलि चढाउन सक्तैनौं' जापानको न्यास्नल इन्स्टिच्युट फर इन्भाइरोमेन्टर स्टडिजका शोधकर्ता किँन-इचिरो मात्सुमुराले भने । जात्रोफाका लागि भने उर्वर भूमि नचाहिने हुँदा यसले खेतीयोग्य जमिन नखोस्ने उनको विश्वास छ ।

मकै र उखुभन्दा विपरीत जात्रोफा खेती कमउर्वर र सुख्खा जमिनमा पनि फस्टाउँछ र यसका लागि धेरै पानी चाहिँदैन । यो खेती लगाउन पनि सजिलो छ र यसले किसानलाई अतिरिक्त आय गर्न पनि मद्दत गर्छ ।

भारत जात्रोफालाई जैविक इन्धनको स्रोतको रूपमा उपयोग गर्नुपर्छ भनेर कडा वकालत गर्ने देश हो । भारतको केन्द्रिय सरकारले जात्रोफा संभावित जैविक इन्धनका स्रोतका रूपमा बुझ्न एउटा अनुसन्धान आयोग गठन गरेको छ र राज्यद्वारा सञ्चालित तेल कम्पनीहरूलाई जात्रोफाद्वारा निर्मित जैविक डिजेल किन्न निर्देशन दिएको छ । भारतका राज्य सरकारहरूले किसानहरूलाई यसका बिरुवा पनि निःशुल्क वितरण गरेका छन् ।

सोम्बिलाले कुनै पनि सरकाराले ठूलो परिमाणमा जात्रोफा खेती गर्नुपूर्व यसबारे व्यापक अनुसन्धान गर्नुपर्नेमा सतर्क गराइन् । उनले आफ्नो रिपोर्टमा जात्रोफाको वियाँमा भनिएजति तेल नहुने र यसको खेती गरेर इन्धन उत्पादन गर्दा आर्जन सोचेजस्तो हुननसक्ने आफूले सुनेको उल्लेख गरेकी छन् । लाओस र कम्बोडियामा ठूलो परिमाणमा जात्रोफा खेती गर्न कठिन हुनेछ । किनभने त्यहाँका धेरैजसो खाली जमिनका 'प्लट' स-साना र मुलुकभर छरिएका छन् ।

सोम्बिलाका अनुसार सबैभन्दा महत्वपूर्ण पक्ष भनेको, प्रत्येक देशले र समग्रमा जिएमएस उपक्षेत्रका मुलुकले जात्रोफा र अन्य जैविक इन्धनयुक्त बालीको उत्पादन बढाउन, उपयोग गर्न र अन्तरदेशीय व्यापार प्रबर्द्धन गर्न बृहत्तर रणनीति तयार गर्नु आवश्यक छ । खाद्यविरुद्ध इन्धन बालीको विवाद चर्किरहेका बेला यो एउटा अत्यावश्यक रणनीति हुनसक्छ ।

'किसानहरूमा खाद्यबाट इन्धन खेतीमा आकर्षित भएको देखिन्छ किनभने खाद्यबाली भन्दा इन्धन बालीको मुल्य बढी छ । त्यसैले हामीले खाद्य बजार अर्थतन्त्र मजबुत बनाउनु जरुरी छ' सोम्बिला भन्छिन् । तसर्थ, इन्धन बालीका लागि खाद्य बालीको बलि चढाउने कार्य रोक्न सरकारले हस्तक्षेप गर्नुपर्छ । 'सरकारले किसानहरूलाई बढी सहयोगी सेवा उपलब्ध गराउनुपर्छ' सोम्बिला भन्छिन् ।

# जापान : व्यापक चामल भण्डारले खाद्य संकट न्युन गर्न सकिन्छ

– क्याथरिन माकिनो

टोकियो (**आई.पी.एस्. /एन्.पी.आई.**) – नीति परिवर्तनका रूपमा, जापानले विश्वव्यापी खाद्य अभाव न्यूनीकरणका लागि सहयोग गर्न जुलाई महिनामा करिब १० करोड अमेरिकी डलरको आपतकालीन खाद्य सहयोग प्याकेज ल्याउने घोषणा गरेको छ। निकट भविष्यमा जापान सरकारले भण्डारण गरी राखेको तीन लाख टनभन्दा बढी आयतित चामल उसले पठाउँदैछ ।

यो मुलुकसँग १५ लाख टन आयातित विदेशी चामल छ जुन सरकारी एअर-कन्डिसनयुक्त भण्डारगृहमा सुरक्षित राखिएको छ। यो कुहिएर खेर जान सक्छ वा चामलको पिठो, जीवजनावरका लागि आहार अथवा सानो परिणाममा मानविय सहयोगका लागि प्रयोग हुन्छ । यसमध्ये आधीभन्दा बढी अमेरिकाबाट आयत गरिएको हो ।

जापानका प्रधानमन्त्री यासुओ फुकुदाका अनुसार जापान खाद्य अभाव समस्याबाट चिन्तित बनेको छ ।

'हामीले आखिरमा पृथ्वीको चित्कार सुनिरहेका छौं' यसै महिनाको सुरुतिर फुकुदाले रोममा भनेका थिए, 'दश करोडभन्दा बढी मानिस भोकमरीको खतरामा छन् ।' एसिया र प्रशान्त क्षेत्रमा झण्डै एक अर्ब २० करोड जनता चामलको बढ्दो मूल्यबृद्धिबाट पीडित भइरहेका छन् । उनीहरू आफ्नो आयको करिब ६० प्रतिशत खाद्यन्नमै खर्च गर्छन् । एसियाली विकास बैंकका अनुसार एसियाको सबैभन्दा महत्वपूर्ण खाद्यान्नको मूल्य तीन दशक यताकै सबैभन्दा उच्चतम् बिन्दुमा पुगेको छ ।

'जापान विश्वकै सबैभन्दा धेरै खाद्यान्न आयत गर्ने मुलुक हो, र हामी विश्व बजारमा खाद्यान्नको माग र आपूर्तिमा स्थायित्व ल्याउन सक्दो प्रयास गर्नेछौं' फुकुदाले जोड दिए ।

फुकुदाका अनुसार अन्तर्राष्ट्रिय बजारमा चामल किन्न परिरहेको कठिनाइले यसको अत्यधिक मूल्यबृद्धि गराएको छ । त्यसमा पनि अहिले विगतमा कहिल्यै नदेखिएको नयाँ कारणहरू देखिएका छन्, जुन बढ्दो इन्धन मूल्य, मौसम परिवर्तन र आर्थिक तथा उर्जा बजारबीचका सम्बन्धहरू हुन् ।

बजारमा केही हदसम्मको सन्तुलन फर्काउन फुकुदाले अन्य मुलुकलाई आफ्ना खाद्य भण्डार अन्तर्राष्ट्रिय खाद्य बजारमा पुऱ्याउन चुनौति दिए ।

जापानका लागि अमेरिकी राजदुत टमस स्किइफरले जापानको प्रशंसा गरे । 'संयुक्त राज्य अमेरिका अहिलेको अद्वितिय कठिन परिस्थिति सामना गर्न असाधारण सहयोग ल्याउने खबर सुनेर जापानको स्वागत गर्छ' उनले टोकियोमा भने, 'टोकियोस्थित् अमेरिकी दुतावासमा भएका हामी

सबैले यो मुद्दामा समन्वयका लागि हाम्रो प्रयन्त निरन्तर जारी राख्नेछौं ।'

सञ्चारमाध्यमहरूले आयतित चामलको भण्डार सहयोगका लागि विश्व बजारसम्म पुऱ्याउन अमेरिकाले जापानलाई अनुमति दिनेसम्बन्धी छलफल टुङ्गोमा पुग्नेमा प्रश्न उठाइरहेका छन् । यद्यपि एक जना अमेरिकी अधिकारीले सञ्चारमाध्यमहरूले यस विषयमा सत्यलाई बङग्याइरहेको आरोप लगाए ।

स्किइफरले यो वर्ष विश्व चामल बजारको अद्वितिय परिस्थिति अमेरिकाले बुझेको बताए । हालैको मूल्यबृद्धिले मानविय र राजनीतिक पक्षमा प्रभाव पारेको छ । साथै यस क्षेत्रको प्राकृतिक विपत्ती पनि यससँगै जोडिएको छ । अन्तर्राष्ट्रिय चामल बजारलाई स्थिरराख्न असाधारण पहल जरुरी देखिन्छ । गत मे २ मा बर्मामा आएको नाग्रिस नामको सामुद्रीक आँधीका कारण धानबाली व्यापक नष्ट गरेको थियो ।

एटलान्टिस इन्भेष्टमेन्ट रिसर्च कर्पोरेसनका अध्यक्ष एड मेर्नरका अनुसार अमेरिकाले जापानलाई आवश्यक दबाब दिइरहेको छैन । 'जापानसँग एउटा ठूलो खात छ' उनले भने, 'यसको मतलब यो होइन कि जापान चुपचाप छ र आयतित चामलबाट ठूलो फाइदा लिइरहेको छ । बरु, यो खाद्य सहयोग जापानका लागि ठूलो सार्वजनिक महत्वको छ, विशेषगरी आउँदो जी-८ शिखर बैठकभन्दा अघिका लागि ।'

जापानले आउँदो जुलाईमा होक्काइडोमा जी-८ शिखर सम्मेलन आयोजना गर्दैछ । 'यसले जापानलाई आफ्नो तर्फबाट विश्वलाई हेरिरहेको र सक्दो गरिरहेको देखाउनेछ ।'

टोकियो विश्वविद्यालयमा कृषिका प्राध्यापक नोबुहिरो सुजुकीका अनुसार जापानको कदम भनेको चामलको मूल्य घटाउनु हुनेछ । 'जापानको कदम खाद्यान्न अभावमा अल्पकालीन र दिर्घकालीन प्रभाव पार्ने हुनेछ' उनले भने, 'जापानले गर्ने प्रयास विश्व चामल अभावको संकट न्यूनीकरण गर्न सहयोगी बन्नेछ । यदि जापानले अन्तर्राष्ट्रिय बजारमा चामल आपूर्ति जारी राख्छ भने यसले मूल्य घटाउनेछ । यो कदम आफ्नो चामल निर्यातमा प्रतिबन्ध लगाइरहेका भारत र भियतनामजस्ता मुलुकका लागि उपलब्धीमूलक हुनेछ ।'

सुजुकीका अनुसार चामल आपूर्तिमा देखिएको मन्दी र द्रुत मूल्यबृद्धिका कारण विकासोन्मुख मुलुकले आफ्नो भण्डार सुरक्षित राख्न चामल जम्मा गरिरहेका छन् । गहुँ र मकैंको चर्को मूल्यले एसियालाई प्रभावित गर्नेछैन किनभने धेरैजसो मानिस खाद्यान्नका रूपमा चामलको उपयोग गर्छन् ।

मेर्नरको विश्वासमा मासिनले चामल बढी किनिरहेका छन् । 'पर्याप्त चामल पाइदैन भनेर उनीहरू डराएका छन्, त्यसैले उनीहरू एक बोराको सट्टा तीन बोरा किनिरहेका छन्' उनले भने । यसका खरिदकर्ताले बढी किनिरहेका छन्, जसले गर्दा मूल्य झन् बढिरहेको छ । तर उनका अनुसार नयाँ बाली छिट्टै भित्रिदैछ र त्यसले आपूर्ति बढाउनुका साथै मूल्यमा स्थाइत्व कायम गर्नेछ ।

'सबै चिजजस्तै यो पनि विस्फोट हुन्छ र मूल्य घट्नेछ... लगानीकर्ताहरू अनुमान गर्न छोड्नेछन् र सरकारहरूले व्यापार प्रतिबन्ध कि हटाउने छन कि खुकुलो बनाउनेछन् । मानिसले आवश्यकभन्दा बढी किन्न छोड्नेछन्' उनले व्याख्या गरे ।

नयाँ आपूर्ति हुन थालेपछि सरकारहरू माग पूरा गर्न सक्नेमा विश्वस्थ हुनेछन र व्यापार प्रतिबन्ध फुकुवा गर्नेछन ।

अधिकांश जापानी उपभोक्त आयतित चामल खाँदैनन र यसप्रति तीखो व्यङ्ग्य गर्छन् । 'म जापानी चामल नै रुचाउँछु किनभने यो बढी स्वादिलो छ र यसमा बढी पौष्टिकता छ' टोकियोका कपाल मिलाउने युको ओकुनिसी भन्छन् ।

सन् १९९० को दशकको मध्यदेखि जापानले आफ्ना व्यापारीक साझेदारसँग अनिच्छापूर्वक चामल आयत गर्ने दबाव स्वीकार गर्दै आएको छ । उसले कस्तो नीति लिएको छ भने आँधी अथवा खडेरीजस्ता आपतकालको अवस्थामा उपयोग गर्ने गरी त्यसलाई ठूलो भण्डार बनाएर राख्दछ ।

यसैबीच हरेक वर्ष टोकियो बन्दरगाहमा ७ लाख ७० हजार टन आयतित चामल जहाजबाट उतारिन्छ, त्यसपछि धेरैजसो यो खाइदैन बरु जापानभरका खाद्य भण्डारहरूमा पठाइन्छ ।

# एसिया : भ्रष्टाचारविरुद्ध एकहुँदै नागरिक समाज

– मर्वान मकान-मार्कर

बैंकक (**आई.पी.एस्. /एन्.पी.आई.**) – कम्बोडियन विधायकहरू अझै भ्रष्टाचारविरुद्ध लड्ने एक विधेयकमा सबैको एकमत जुटाउन खोजिरहेका छन् । उक्त विधेयक त्यहाँको न्यास्नल एसेम्ब्ली (संसद) मा गत मध्य मे महिनामा प्रस्तुत गरिएको थियो । विद्ययकमा मत विभाजन हुनुहुँदैन भन्ने दशलाख भन्दा बढी सर्वसाधारण जनताको माग छ ।

उक्त निम्नवर्षीय आन्दोलनको नेतृत्व नागरिक समाजका संगठनहरूको गठबन्धन (सिएसओएस) ले गरिरहेको छ । सिएसओएसमा आवद्ध संगठनहरू यस दक्षिणपूर्वी एसियाली राष्ट्रमा हरेक तहमा रोगकै रूपमा जकडिएको भ्रष्टाचार विरुद्ध संघर्षरत छन् । भ्रष्टाचार विरुद्ध अन्तर्राष्ट्रिय मापदण्डको कानुन आफ्नो देशमा पनि लागू गराउन भ्रष्टाचार विरोधी कार्यकर्ताहरूले गत मे यतामात्र एक करोड ४२ लाख जनसंख्यामध्ये ११ लाखको हस्ताक्षर संकलन गरिसकेका छन् ।

हस्ताक्षर अभियानका दौरान त्यहाँ विभिन्न सार्वजनिक समारोह र वैठकमार्फत धेरै जनचेतना जगाइएको छ। गत वर्ष नोभेम्बरबाट शुरू भएको अभियान २००८, अप्रिलसम्म जारी रहेको मेनस्ट्रिमिङ एन्टी करप्सन फर इक्वीटि (एमएई) परियोजनाका कम्बोडिया कार्यालयका प्रमुख आरोन बर्नस्टाइनले बताए । एमएईलाई अमेरिकी सरकारको विकास संस्थाले आर्थिक सहयोग उपलब्ध गराउँछ । 'यो अभियान मुलुकमा २० मध्ये १९ वटा प्रान्तमा संचालन गरिएको थियो। यसमा सहरी र ग्रामीण दुवै क्षेत्रका बासिन्दाको सहयोग पाइयो' वर्नस्टाइनले भने ।

'गठबन्धनले यस वर्षको पात्रो सकिनु अगावै विधेयकप्रति मुलकका सबै राजनीतिक दलहरूको प्रतिबद्धता जुटाउने लक्ष्य लिएको छ' वर्नस्टाइनले कम्बोडियाको राजधानी नोम पेनबाट टेलिफोन अन्तरवार्ताका क्रममा भने, 'यसले बृहत्तर जनचेताना जनाएको छ, सर्वसाधारणले पनि भ्रष्टाचार विरुद्ध भूमिका खेल्न सक्छन भन्ने दर्शाएको छ ।'

संयुक्त राष्ट्रसंघ विकास कार्यक्रम (युएनडिपी) को एउटा नयाँ रिपोर्टले पुष्टि गरेजस्तै, भ्रष्टाचारविरुद्ध तल्लो तहमा देखिएको कम्बोडियाको व्यापक जनाक्रोश एसियाका अन्य कुनाहरूका पनि प्रमाण हुन्, जहाँ आधारभूत सेवा जस्तै- स्वास्थ्य सेवा, शिक्षा, पिउने पानी र सरसफाई प्राप्त गर्न जनता घुस दिन बाध्य हुन्छन् । यो प्रहरीलाई र न्यायलयका सदस्यलाई दिइने भन्दा अतिरिक्त घुस हो ।

कम्बोडियामा जस्तै, अन्यत्र पनि केही जनसमुदाय सत्ता र शक्तिको दुरूपयोग गर्नेहरूविरुद्ध नयाँ प्रयत्न थालेका छन् । नेपालमा एउटा भ्रष्टाचारविरोधी सामुदायिक सेवा संगठन (सिएसओ) ले 'भ्रष्टाचार विरोधी गतिविधिलाई प्रोत्साहन गर्न, भ्रष्टाचारलाई सामना गर्न, जीवनशैली परिवर्तनगर्न' सामुदायिक रेडियोको शक्तिको उपयोग गरेको छ' युएनडिपीको रिपोर्टले जोड दिएको छ, 'एसिया र प्रशान्त क्षेत्रमा मावन विकासलाई बढाउन भ्रष्टाचारविरुद्ध लड्न पर्छ र जीवनमा परिवर्नन ल्याउनुपर्छ ।'

फिलिपिन्समा, 'सडकचियाई (रोडवाचिङ)' घुसविरोधी अभियान बनेको छ । २३३ पृष्ठलामो उक्त रिपोर्टका अनुसार सडक

निर्माणमा ध्यान दिइने यस्तो गतिविधिबाट युवा र विद्यालयका बालबालिकाले 'नागरिक शक्ति र सुशासनका सम्बन्धमा अमूल्य शिक्षा' सिकेका छन् । '(यो समुहले) सडक निर्माणमा अनुगमन गर्छ- वास्तविक योजना परीक्षण गर्छ र त्यसपछि युवालाई त्यसअनुसार निर्माण कार्य भएको छ कि छैन, छ भने कति राम्रोसँग निर्माण भएको छ भनेर पत्ता लगाउन कार्यक्षत्रमा पठाउँछ' रिर्पोटमा छ ।

'एसिया-प्रशान्त क्षेत्रका जनता भ्रष्टाचारका बारेमा बढी चिन्तित हुनथालेका छन्, र सरकारहरूले यसप्रति प्रतिक्रिया जनाउन थालेका छन्' रिपोर्टमा भनिएको छ । संयुक्त राष्ट्रसंघ एजेन्सीद्वारा पहिलो पटक यस्तो प्रकारको रिर्पोट सार्वजनिक भएको हो । धनी र सक्तिशालीलाई अदालतसामु उपस्थित गराउने कार्य संचारमाध्यमका 'हेडलाइन' बन्ने गरेका छन्, तर आफ्नो दैनिक जीवनमा महामारीकै रूपमा फैलिएको भ्रष्टाचार उन्मुलनको प्रयासले गरिव जनताले बढी फाइदा पाउनेछन् ।

वास्तवमा, यस्तो सन्देश भ्रष्टाचार विरोधी अन्तर्राष्टिय संस्था ट्रन्सप्यारेन्सी इन्टरन्यास्नल (टिआई) द्वारा गत वर्ष सुरु गरिएको थियो । 'चाहे विकासोन्मुख देश हुन् या अत्याधुनिक, भ्रष्टाचारबाट गरिव जनता सबैभन्दा पीडित छन्' टिआईको 'ग्लोबल कर प्सन व्यारोमिटर २००७' मा भनिएको छ, 'गतसाल विश्वभर १० मध्ये एक जनाले घुस दिनुपरेको छ, एसिया-प्रशान्त क्षेत्र र दक्षिणपूर्वी युरोपमा भ्रष्टाचारसम्बन्धी सार्वजनिक भएका घटना बढेका छन् ।'

'भ्रष्टाचारले यस क्षेत्रका गरिवलाई सबैभन्दा सताएको छ, उनीहरू बढी पीडित किन छन् भने घुसमानै उनीहरूको थोरै आयआर्जनको ठूलो हिस्सा खर्च हुनेगर्छ' युएनडिपी रिपोर्टका सह-लेखक रामेश गाम्पाथले जाकर्ताबाट आइपिएसलाई भने, 'उनीहरू स्वास्थ्य, शिक्षा, पिउने पानी र सरसफाइजस्ता सेवाहरूका लागि घुस दिन बाध्य छन्, जबकि यस्ता सेवा पाउनु तिनीहरू अधिकार नै हो ।'

केही अध्ययनले एसिया-प्रशान्त क्षेत्रलाई विश्वमै सबैभन्दा बढी भ्रष्टाचार हुने क्षेत्रमा सुचिकृत गरेका छन् । यस क्षेत्रमा हुने अनियन्त्रित भ्रष्टाचारले सहस्राब्दी विकास लक्ष्य पूरा गर्ने अभियानलाई ओझेल पार्न सक्छ । सन् २००० मा विश्वका सबैजसो देशले सन् २०१५ सम्म पूरा गर्ने प्रतिबद्धता व्यक्त गरेको सहस्राब्दी विकास लक्ष्यमा गरिबी र चरम भोकमरी आधी गर्ने, सबै बालबालिकालाई प्राथामिक शिक्षा सुनिश्चित गर्ने र बालमृत्युदर घटाउनेसहित आठ लक्ष्य छन् ।

'यहाँ भ्रष्टाचार नियन्त्रण बाहिर छ, यसले सहश्राब्दी विकास लक्ष्य प्रभावित हुनेछ' गाम्पाथ भन्छन् ।

'स्वास्थ्य सेवाहरूका सबै तहमा भ्रष्टाचार हुन सक्छ- जस्तो नयाँ अस्पत्ताल वा स्वास्थ्य केन्द्र निर्माणका क्रममा कोष हिनामिना गर्ने ठूला भ्रष्टाचारदेखि आफ्ना नियमित जिम्मेवारी पूरा गर्न स्वास्थ्यकर्मीले लिने घुसजस्ता साना भ्रष्टाचारसम्म' उक्त रिपोर्टमा भनिएको छ, 'केही अन्तरदेशीय अध्ययनहरूले के सुझाएका छन् भने जुन मुलुकमा भ्रष्टाचारको मात्रा बढी हुन्छ, खोपदर न्यून हुन्छ र बालमृत्युदर भने बढी हुन्छ ।'

'शैक्षिक क्षेत्रमा हुने भ्रष्टाचारको आफ्नै विशेषता छन् । जस्तो कि भ्रष्ट अधिकारीहरू स्कुल भवन निर्माणमा कोष तलमाथि पार्छन् । 'जसले गर्दा निर्माण दुईदेखि आठ गुनासम्म बढी खर्चिलो हुन्छ' रिपोर्टमा उल्लेख छ, 'धेरै मुलुकमा शिक्षक करारमा राख्दा अनिमियतता हुन्छन्, जसको परिणाम- सबैभन्दा चरममा- दानविय स्वभावका शिक्षक नियुक्त हुनपुग्छन अथवा संपूर्ण शैक्षिक संस्थानै भुतको संस्था पनि बन्न सक्छ, शिक्षक र कर्मचारीलाई छुट्टाइएका तलभ र अन्य सुविधा अधिकारीहरूको खल्तीमा पर्न सक्छ ।'

एसियाका सबैभन्दा भ्रष्ट मुलुकमध्ये एकका रूपमा कुख्याती कमाएको इन्डोनेसियामा दुरूपयोग रोक्न वृहत्त स्थानीय सामुदायिक गतिविधिले केही सकारात्मक परिमाण देखिएको छ । 'सन् २००४ देखि यहाँ जनधारणामा परिवर्तन आएको छ, जनताले भ्रष्टाचार विरुद्ध लड्न आफूहरूको महत्वपूर्ण भूमिका हुन्छ भन्ने बुझेका छन्' टिआईको इन्डोनेसिया च्याप्टरका उप-महासचिव रेज्की श्री विबोउले भने ।

'सन् २००४ को सुनामीपछिको पुन:निर्माण अनुगमन गर्न आचेमा कठोर किसिमको भ्रष्टाचार विरोधीअभियान देखिएको छ, नागरिक समजाका समुहहरू र सर्वसाधारण जनताले पुन:निर्माण प्रक्रियामा विगतमा भन्दा अहिले धेरै बढी अनुगमन गरिरहेका छन्' जाकर्ताबाट टेलिफोन अन्तरवार्तामा उनले भने, 'भ्रष्टाचार विरुद्ध राष्ट्रिय आयोगलाई पुन:क्रियाशिल बनाउने सरकारको निर्णयले पनि यसमा सहयोग पुऱ्याएको छ ।'

# घाना-मृत्युदण्ड

– फ्रान्सिस कोकुत्से

अक्रा (**आई.पी.एस्. /एन्.पी.आई.**) – घानाको न्याय मन्त्रालयका एक जना वरिष्ठ अधिकारीले आश्चर्य पार्ने गरी भनेका छन्, सरकार मृत्युदण्डलाई प्रतिबन्ध गर्न असफल भएको छ । उनको यो अभिव्यक्ति हालै सर्वोच्च अदालतमा मृत्युदण्डसम्बन्धी सजायाँलाई समर्थन गर्ने दुई नयाँ न्यायधीस नियुक्तीमा विद्यायकहरूको समर्थनप्रति अप्रत्यक्ष रूपमा लक्षित छ ।

आईपीएससँगको कुराकानीमा उपमहान्यायधिवक्ता क्वामे ओसेइ-बेम्पाहले मृत्युदण्डलाई अनुमती दिने हालको कानुनलाई 'त्रासदीपूर्ण' भनेका छन् । 'किन यो हाम्रो कानुनका किताबहरूमा रहनुपर्छ भन्ने कुनै कारण छैन' उनले जोड दिएका छन्, 'दुर्भाग्यबस, कुनै पनि सरकारसँग यो मुद्दालाई बहसमा उठाउने राजनीतिक इच्छा छैन ।'

सर्वोच्च अदालतमा चार राष्ट्रपतिय नियुक्तीमा प्रश्न उठेपछि कानुन मन्त्रालयका यी वरिष्ठ अधिकारीको टिप्पणी सार्वजनिक भएको हो । गत मे २७ मा संसदको नियुक्ती समितिले चार जनालाई सर्वोच्चको न्यायधिसमा सिफारिस गरेको थियो । त्यसअघि ती चारै जना पुनरावेदन अदालतका न्यायधिस थिए ।

त्यसमध्ये दुई न्यायधिसहरू- रोज ओउस्सु र पल बाफोइ-बोनीले विद्यायकहरूलाई आफूहरूले मृत्युदण्डसम्बन्धी कानुनमा कुनै 'गल्ती' नदेखेको बताएका थिए । विशेषगरी न्यायधिस ओउस्सुले बाइबलको भनाइ उघृत गर्दै 'जस्तालाई तस्तै' गर्नुपर्नेमा समर्थन गरेकी थिइन् । 'जसले अरूको हत्या गर्छ, उसको पनि हत्या हुनैपर्छ' उनले थपिन्, 'जसले तरवार उठाउँछ, ऊ पनि तरवारबाटै मारिनुपर्छ ।'

न्यायधिस ओउत्सुले विगतका मृत्युदण्डबारे विभिन्न समिक्षा भए तापनि पछिल्लो पटक दिइएको मृत्युदण्डका विषयमा गरिएको आलोचनाले सकारात्मक प्रभाव नपरेको बताइन् । घानामा पछिल्लो पटक सन् १९९३ मा मृत्युदण्ड दिइएको थियो ।

उनले अपराधीप्रति कठोर व्यवहार गरेर मात्रै अपराधविरुद्ध लड्न सकिने दाबी गरिन् । यस राज्यसँग मृत्युदण्डसम्बन्धी सजाय दिने या नदिने भन्ने सम्बन्धमा संवैधानिक 'म्यान्डेट' छ ।

अर्का न्यायधिस बाफोइ-बोनीले भने मृत्युदण्डका पक्षमा बढी नरम तरिकाले अभिव्यक्ति दिएका छन् । तर, सर्वोच्च अदालतका नियुत्त: अन्य दुई न्यायधिस जोन्स भिक्टर दोत्से र अनिम यबोआहले भने मृत्युदण्डलाई उन्मुलन गर्नुपर्ने मत जाहेर गरेका छन् । दुवैले मृत्युदण्डका क्रममा न्यायिक त्रुटिका कारण निर्दोष व्यक्ति दण्डको भागीदार बन्न सक्ने संभावना औल्याए ।

'मृत्युदण्ड सजायबाट प्रताडित केही निर्दोष व्यक्तिहरूलाई ढिलो गरी क्षमा दिइएको छ' न्यायधिस दोत्सेले भने । यो धारणामा न्यायधिस यबोअहले पनि 'मृत्युदण्डले अपराध न्यूनिकरणको गम्भीर मुद्दालाई सम्बोधन नगर्ने' बताउँदै समर्थन जनाएका छन् ।

आईपीएससँगको अन्तरवार्तामा अक्राका एक सरकारी कर्मचारी पेटर बोन्सुले न्यायधिस दोत्सेले निर्दोष व्यक्तिलाई मृत्युदण्ड हुनसक्ने खतरातर्फ सतर्क गराएर घानाका केही विशिष्ट घटनाका बारेमा अप्रत्यक्ष संकेत गरेको हुनसक्ने तर्क गरे ।

'सन् १९९७ मा जनरल अफ्रिफासहित अन्य जनरलहरूलाई केही झुटो राजनीतिक अपराधको अभियोग लगाई 'निलम्बन दस्ता' ले मृत्युदण्ड दिएको थियो । तर वर्षौपछि तिनका शव उत्खनन गरी उपर्युक्त किसिमले पुन: अन्तिम संस्कार ...' बोन्सुले भने ।

घानाका पूर्व सैनिक प्रमुख जनरल अफ्रिफासहित अन्य ६ सैन्य अधिकारीलाई सैनिक कुको अवधिमा एकसाथ मृत्युदण्ड दिइएको थियो ।

# समाचार सन्देश

उनीहरूलाई कथित 'जनअदालत' ले मृत्युदण्ड फैसला गरेको थियो । जब राष्ट्रपति अग्याकुम कुफुओर सत्तामा आए, उनले यस घटनामा छानविनका लागि मार्सल एएम ओटुको नेतृत्वमा सात सदस्यीय समिति गठन गरे । त्यसैसमितिले पूर्व जनरलहरूको पुन:अन्त्येष्टिको सिफारिस गरेको थियो ।

न्यायधिसहरूको मृत्युदण्डसम्बन्धी धारणाबारे विधायकहरूको प्रतिक्रिया लिन आईपीएसले प्रयास गरे पनि स्पष्ट जवाफ पाउन सकिएन । 'यो ज्यादै विवादास्पद मुद्दा हो' नाम उल्लेख नगर्ने सर्तमा एक संसद सदस्यले भने ।

कमनवेल्थ ह्युमन राइटस् इनिसियटिभ (सिएचआरआई) नामक संस्थाका अफ्रिकाका क्षेत्रिय संयोजक नाना ओई लिथुरले मृत्युदण्डसम्बन्धी कानुनलाई निरन्तरता दिने न्यायधिस ओउत्सुको कठोर समर्थनविरुद्ध ज्यादै न्यून जनविरोध भएकोमा आश्चर्य प्रकट गरिन् ।

उनले यसबाट सरकारले मृत्युदण्डलाई 'प्राथामिक' मुद्दाका रूपमा नहेरेको तथ्य स्पष्ट भएको बताइन् । 'त्यसैले यसबारे कोही पनि बोल्न चाहँदैनन्' उनले भनिन् । सीएचआरआईले समेत मृत्युदण्डका विषयमा गम्भीर रूपमा ध्यान नदिएको उनले स्वीकार गरिन् ।

तर यो परिवर्तनका बारेमा हो । सीएचआरसी 'मृत्युदण्डको अर्थ के हो र किन यो राष्ट्रको कानुनका किताबमा रहनु हुँदैन भन्नेबारेमा जनतालाई सचेत गराउन एउटा परियोजना सुरु गर्न प्रतिबद्ध रहेको छ' उनले आईपीएससँग भनिन् ।

केही समय अगाडि एम्नेष्टी इन्टरन्यास्नलले मृत्युदण्डसम्बन्धी मुद्दालाई बहसमा उठाए पनि यसको परिणाम न्यून देखिएको बताइन् ।

बोन्सुले मृत्युदण्डका सजायलाई निरन्तरता नदिए पनि यो दण्ड हाम्रो कानुनमा रहिर हनेछ भन्नेमा घानाका जनता सचेत हुनु आवश्यक रहेको बोन्सुले बताए ।

न्याय मन्त्रालयका अधिकारीहरूले घानाका अदालतहरूबाट अनुमोदित मृत्युदण्डसम्बन्धी पछिल्लो तथ्यांक आईपीएसलाई उपलब्ध गराउन असमर्थता दर्शाए । साथै हाल मृत्युदण्ड फैसला भएका कति व्यक्तिलाई सजाय माफ गर्ने तयारी हुँदैछ भन्ने पनि एकिन गर्न चाहेनन् ।

नाम उल्लेख गर्न नचाहने अर्का एक अधिकारीले प्रहरीले राखेको र महान्यायधिवक्ताको कार्यालयले अनुमोदन गरेको तथ्याङ्क पनि पूर्णत सही नभएको बताए ।

घानामा अझै तीन किसिमका अपराधहरू हतियार चोरीतस्करी, देशद्रोह र सुनियोजित हत्याका अभियोगमा मृत्युदण्ड दिइन्छ । सबैभन्दा पछिल्लो पटक सन् १९९३, जुलाईमा हतियार तस्करी र हत्या अभियोगमा निलम्बन दस्ताले १२ जनालाई मृत्युदण्ड दिएको थियो ।

घानाले सन् २००७ डिसेम्बरमा भएको संयुक्त राष्ट्रसंघीय महासभामा विश्वव्यापी मृत्युदण्ड रोक्ने आह्वानसम्बन्धी मतदानमा विपक्षमा मत जाहेर गरेको थियो ।

**बाट : नेपाल प्रेस इन्स्टिच्यूट**
**थापाथली–७०७ प्रशुतिगृह मार्ग**
**पोष्ट बक्स नं. ४१२८, काठमाडौं, नेपाल**
**फोन नं. ४–२६४१५५, ४–२६६४१८**
**फ्याक्स नं. २६४१५४**

**लाई :** ______________________

______________________

______________________

______________________